मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा हरि नाथको हकमा पुनरावेदन गरिएका आधारहरु
१	बसन्त मल्ल समेत (वि.अ. को मु.नं. ०७७-CR-००८९), वि.अ. को फैसला मिति २०८०।११।१०	भष्ट्राचार (रकम हानी नोक्सानी समेत	प्रस्तुत मुद्दामा प्रतिवादीहरु बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, मधुरलाल सिन्या, रिता वादे श्रेष्ठ, छविरमण अधिकारी, भरतकाजी श्रेष्ठ र लोकेन्द्रमान कर्माचार्यले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तव्य पालना गर्दा सार्वजनिक संस्थाको रु. ४३,५९८,५६६.५८।- (चार करोड पैतिस लाख अन्ठानव्वे हजार पाँच सय छैसठ्ठी रुपैया अन्ठाउन्न पैसा) सम्पत्ति बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गरेको कुरा पुष्टि हुन आएको र उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुरुपको कसुर भएको हुँदा निज प्रतिबादीहरुलाई निजहरुले हिनामिना गरेको सार्वजनिक संस्थाको सम्पत्तिको विगो रु. ४३,५९८,५६६.५८।-(चार करोड पैतिस लाख अन्ठानव्वे हजार पाँच सय छैसठ्ठी रुपैया अन्ठाउन्न पैसा) कायम गरी उक्त विगो ऐ.दफा १७ बमोजिम नेपाल क्रेडिट एण्ड कमर्स बैक लि.लाई भराई उक्त दफा १७ मा उल्लेख भएबमोजिम उक्त ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैदसमेत गरी पाउन मागदावी लिईएको अवस्था	विशेष अदालतले गरेको फैसलाको संक्षिप्त व्यहोरा :- प्रस्तुत मुद्दामा विशेष अदालत काठमाण्डौवाट फैसला हुँदा प्रतिवादीहरु बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, छविरमण अधिकारी, मधुरलाल सिन्या, रिता बादे श्रेष्ठ सेवाचार्य, लोकेन्द्रमान कर्माचार्य, भरतकाजी श्रेष्ठ, प्रदिप बहादुर कर्माचार्य, विकाश श्रेष्ठ, गोकर्ण कट्टेल, कमल प्रजापति, राम बहादुर शाहले आरोपदावीवाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ । विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी फैसला भएको र फैसला गर्दा निम्न आधारहरु लिएको देखिन्छ :- प्रस्तुत मुद्दामा ऋण प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थामा नागरीक लगानी कोषको लगानी रहेता पनि सो कोषको के कति रकम हिनामिना भएको वा क्षति पुगेको हो भन्ने स्पष्ट आरोपदाबी रहेको नदेखिएको । ऋण प्रवाह गर्दा प्रतिवादीहरुको बदनियत रहेको भन्न आरोपदाबी	विशेष अदालतको फैसला उपर प्रतिवादीहरु बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, छविरमण अधिकारी, मधुरलाल सिन्या, रिता बादे श्रेष्ठ सेवाचार्य, लोकेन्द्रमान कर्माचार्य, भरतकाजी श्रेष्ठ, प्रदिप बहादुर कर्माचार्य, विकाश श्रेष्ठ, गोकर्ण कट्टेल, कमल प्रजापति, राम बहादुर शाह हकमा पुनरावेदन गर्ने आधारः क) प्रस्तुत मुद्दामा साविक रोयल मर्चेन्ट बैकिङ एण्ड फाइनान्स लि. र पछि उक्त संस्था मर्ज भै बनेको एपेक्स डेभलपमेन्ट बैंक लि. दरबारमार्ग शाखामा ऋणी राम शाह बहुमुखी व्यापार कम्पनी प्रा.लि.का संचालक राम बहादुर शाहले पेश गरेको कर्जा आवेदन, व्यक्तिगत आयश्रोत विवरण, धितोको स्थलगत निरीक्षण तथा Sewa,s consortium को मूल्याङ्कन प्रतिवेदन, Credit Appraisal Report, Loan Approval Memorandum बाट साविक रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. दरबारमार्ग शाखाबाट मिति २०६९/०३/२६ गते राम शाह बहुमुखी व्यापार कम्पनी प्रा.लि.का संचालक राम बहादुर शाहलाई व्यापारिक कर्जा शीर्षकमा कर्जा प्रवाह गर्दा राम बहादुर शाह संचालक रहेको राम शाह बहुमुखी व्यापार कम्पनी प्रा.लि.लाई मिति २०६९।०३।२४ गते रु.२५०००००।-(दुई करोड पचास लाख) कर्जा स्वीकृत गर्दा कर्जा लगानी निर्देशिका २०६७ मा उल्लेखित प्रकृयाको विपरीत कर्जा प्रवाह भएको र उक्त धितो लिएको जग्गा मिति २०६९/०३/२६ मा खरिद गरेको सो जग्गा मिति २०६९/०३/२७ मा रोक्का राखेको र कर्जा तमसुक मिति २०६९/०३/२९ गते तयार भएको तर कर्जाको स्वीकृति संचालक समितिको वैठक नं.१७५ मिति २०६९/०३/२४ गते नै भएकोले विना धितो कर्जा स्वीकृत भएको देखिएको र सो धितोको मूल्यांकनकर्ताले धितोको अधिक मूल्यांकन गरेको र ऋण रकम धितोले खाम्ने नदेखिएको उक्त कर्जाको साँवा र ब्याज भुक्तानी नगरी बैकलाई हानि नोक्सानी पुऱ्याई रु.२५,००,००,००।-(दुई करोड पचास लाख) कर्जा स्वीकृत गरेकोमा उक्त कर्जा नियमित नभई रहेको अवस्थामा नवीकरणसमेत गरी गराई सार्वजनिक संस्थाको सम्पति लापरवाही तथा बदनियत गरी हिनामिना तथा हानि नोक्सानी

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

			देखिन्छ ।, प्रतिवादी मध्येका कमल प्रजापतिले धितोको मूल्यांकन गरी प्रतिबेदन दिँदा बदनियत पूर्वक भए गरेका कुरा लुकाई छिपाइ नभएको कुरा देखाई गलत प्रतिबेदन दिएको कुरा पुष्टि हुन आएको र निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा निजलाई सोही दफा बमोजिम सजाय गरी पाउन तथा प्रतिबादी मध्येका राम बहादुर शाह, विकास श्रेष्ठ, गोकर्ण कट्टेल र प्रदिप बहादुर कर्माचार्यले प्रतिबादीहरु बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, मधुरलाल सिन्या, रितावादे श्रेष्ठ, छविरमण अधिकारी, भरतकाजी श्रेष्ठ र लोकेन्द्रमान कर्माचार्यको मत सल्लाहमा लागि सार्वजनिक संस्थाको सम्पत्तिको बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गर्ने कार्यमा संलग्न भएको कुरा पुष्टि हुन आएको र उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार हुने कसुर भएकोले प्रतिबादीहरु विकास श्रेष्ठ, गोकर्ण कट्टेल र प्रदिप बहादुर	मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि हुन आएको नदेखिएको ऋण प्रवाहको कैफियत एवम् ऋण असूलीका सम्बन्धमा यिनै प्रतिवादीहरु समेत उपर सक्षम अदालतमा मुद्धाहरु बिचाराधिन रहेको तथा कतिपय मुद्दामा ऋण असूली न्यायाधिकरणबाट फैसला समेत भई ऋण असूली प्रक्रियामा रहेको देखिएको र सो ऋण प्रवाह गर्दा प्रतिवादीहरुको बदनियत रहेको भन्ने आरोपदाबी मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि हुन आएको नदेखिएको हुँदा सबै प्रतिवादीहरुले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।	गरी गराई सार्वजनिक संस्थालाई एन. सि. सि. बैंकको च.नं. ५८/०७७- ७८ मिति २०७७।०८।२५ को पत्रानुसार सावाँ रु.२,५१,६९,३९९।७३ व्याज रु.१८४२९१६६।८५ गरी जम्मा रु. ४३,५९८,५६६.५८।- (चार करोड पैतिस लाख अन्ठानव्वे हजार पाँच सय छैसठ्ठी रुपैया अन्ठाउन्न पैसा) नोक्सान पुऱ्याएको भन्ने देखिरहेकव अवस्थामा मिसिल संलग्न प्रमाण कागजको मूल्यांकन नगरी प्रतिवादीहरुलाई आरोपदावीबाट नै सफाइ दिने गरी भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । ख) प्रतिबादी मध्येका बसन्त मल्ल, रिता वादे श्रेष्ठ, छविरमण अधिकारी, लोकेन्द्र मान कर्माचार्य र मधुवनलाल श्रेष्ठले आरोपित कसुरमा इन्कार रही बयान गरेको भएतापनि केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंज, काठमाण्डौको पत्रसाथ प्राप्त हुन आएको प्रमाण मिसिलबाट राम शाह बहुमुखी व्यापार कम्पनी प्रा.लि.को संचालक समितिको बैठकले रोयल मर्चेन्ट बैंकिङ एण्ड फाईनान्स लि.बाट रु.४००००००।-(चार करोड) कर्जा लिने भनी मिति २०६९/३/१८ मा निर्णय भएको देखिन्छ । रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.को संचालक समितिको मिति २०६९/३/२४ मा बसेको १७५औं बैठकले राम शाह बहुमुखी व्यापार कम्पनी प्रा.लि.लाई व्यापारिक कर्जा रु.२५०००००।-स्वीकृत गर्ने निर्णय गरेको देखिन्छ । उक्त निर्णयमा संचालकहरु बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, मधुरलाल सिन्या, रितावादे श्रेष्ठ, छविरमण अधिकारी, भरतकाजी श्रेष्ठ र लोकेन्द्रमान कर्माचार्यले हस्ताक्षर गरेको देखिन्छ। जबकी व्यवस्थापन कर्जा समतिले मिति २०६९/३/२५ गते मात्र अर्थात् संचालक समितिको निर्णय मिति भन्दा पछि मात्र कर्जा रकम रु.२५०००००।-स्वीकृत गर्ने सिफारीश तथा निर्णय गरेको भन्ने देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । ग) प्रतिवादी मध्येका कमल प्रजापति Sewa's Consortium pvt.ltd. का संचालक रहेको र साविक रोयल मर्चेन्ट बैंकिङ एण्ड फाईनान्स लि.को कर्जा निति, २०६७ को दफा १८ ले रु.१० लाख र सोभन्दा बढीको कर्जाको लागि वित्तीय संस्थाले नियुक्त गरेको मूल्यांकन कर्ताबाट धितो मूल्यांकन गरिने तथा मूल्यांकन कर्ताको काम, कर्तव्य र जिम्मेवारी वित्तीय संस्था र मुल्यांकनकर्ता वीच भएको सम्झौता अनुसार हुने व्यवस्था गरेअनुरुप Sewa's consortium (p)ltd. र साविक रोयल मर्चेन्ट बैंकिङ एण्ड फाईनान्स लि. सन् २०१३ मे २६ मा सम्झौता भएको र यी

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

			कर्मचारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम ऐ दफा १७ बमोजिम दावी लिईएका कसुरदारलाई हुने सजायको आधा सजाय तथा राम बहादुर शाहले सार्वजनिक संस्थाबाट ऋण रकम लिई लाभसमेत लिएको देखिँदा निजलाई ऐ. दफा २२ को प्रतिबन्धात्मक बाक्यामस बमोजिम ऐ. दफा १७ अनुसारको कसुर गर्ने प्रतिबादी सरह नै सजाय गरी पाउन मागदावी लिईएको अवस्था देखिन्छ ।		प्रतिबादीले राम शाह बहुमुखी व्यापार कम्पनी प्रा.लि.को धितोमा उल्लेख भएको राम बहादुर शाहको नाउँको जिल्ला ललितपुर सावित्र ५ ध कित्ता नं.४ को ८-१-०-० क्षेत्रफलको जग्गाको Fair Market Value रु Market value of Property(Land) रु.५१६०००००।- र Distress Value रु.३३०८८५००।- रहेको भनी मिति १२ जुलाई २०१३ मा Valuation Report दिएको देखिएको देखन्छ । धितो लिलाम गर्ने प्रक्रियाको लागि धितोमा रहेको जग्गाको पुनः मूल्याङ्कन गर्दा Shreenu Engineering Services का इन्जिनियर सुरेन्द्र कुमार सिंहले धितोमा रहेको Plot No ४,Area Of ownership document Aana-८-१,Land to be set aside for development internal road, parking २०%less-६-१३,Land rate adopted in this valuation (Per Aana);-२६४५००,Total land area as per Actual ३७५१९.१५sft @७७२.८२/sft. Value of land (Rs) २८९९५५४९.५,Say Rs.२८९९५०००,Value of land ;-Rs२८९९५०००,Fair Market Value Grand Total:-२८९०५०००,As per bank rule deducted २०%(-) (Distress) :Rs ५७९९१०९.९ Grand Total :Rs २३१९६४३९.६,Say :Rs २३१९६०००० (In Words:- Two crore thirty one lakhs & ninety six thousand only) रहेको भनि मिति २०७२-०९-२२ मा प्रतिवेदन दिएको देखिन्छ । नेपाल राष्ट्र बैक, बैक सुपरिवेक्षण विभाग, विशेष निरीक्षण इकाईको पत्र संख्या बै.सु.वि./बि.नि. ३६६/०७४/७५ मिति २०७४।११।०२ को पत्र साथ संलग्न नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको विशेष स्थलगत निरीक्षण प्रतिबेदनको पृष्ठ ९४ र ९५ मा रामशाह बहुमुखी व्यापार कम्पनी प्रा.लि.को कर्जाको कैफियतमा धितोको जग्गाको मूल्यांकन गरिएकोले अधिक मूल्यांकन भएको भन्ने समेत उल्लेख भएको तथा धितो लिलामको क्रममा श्रीनु ईन्जिनियरिङले गरेको पुनः मूल्यांकनवाट समेत कर्जा प्रवाहको लागि सेवाज कन्सोर्टियमले गरेको धितो अधिक रहेको स्पष्ट रुपमा देखिन्छ । उल्लेखित तथ्यले यी प्रतिबादी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को खण्ड (घ)(१) ले राष्ट्रसेवकको परिभाषाभित्र पर्ने व्यक्ति भएका र सार्वजनिक संस्था सावित्र रोयल मर्चेन्ट बैंकिङ एण्ड फाईनान्स लि.र निजवीच भएको सम्झौता अनुरुप धितोको मूल्यांकन गरी प्रतिबेदन दिने निजको कर्तव्य भएकोमा निजले धितोको मूल्यांकन गरि प्रतिबेदन दिँदा बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई नभएको कुरा देखाई प्रतिबेदन दिएको कुरा पुष्टि भईरहेको अवस्थामा सो तर्फ अन्देखा गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटिपुर्ण भई वदरभागी रहेको छ ।

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

					घ) प्रतिवादी मध्येका राम बहादुर शाहको हकमा हेर्दा यी प्रतिबादी राम शाह बहुमुखी व्यापार कम्पनी प्रा.लि.का अख्तियार प्राप्त ऋणी देखिन्छन्। यी प्रतिबादीले धितोले नखाम्ने कर्जा लिइ कर्जाको अपचलन गरेबाट यी प्रतिबादी अन्य प्रतिबादीहरु बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, मधुरलाल सिन्या, रितावादे श्रेष्ठ, छविरमण अधिकारी, भरतकाजी श्रेष्ठ र लोकेन्द्रमान कर्माचार्यको मत सल्लाहमा लागि सार्वजनिक संस्थाको सम्पत्तिको बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गर्ने कार्यमा संलग्न भएको कुरा प्रष्टसँग देखिरहेको अवस्थामा निजलाई आरोपदावी वमोजिम नै सजाय हुनपर्नेमा आरोपदावीवाट नै सफाई हुने ठहर गरी भएको फैसला त्रुर्टिपूर्ण हुँदा वदरभागी छ । ङ) प्रतिवादीहरु मध्ये विकास श्रेष्ठ, प्रदिप बहादुर कर्माचार्य, मधुवनलाल श्रेष्ठले शुरुको अवस्थाको व्यवस्थापन कर्जा समितिको तर्फवाट मिति २०६९।०३।२५ निबेदक राम शाह बहुमुखी व्यापार प्रा.लि.लाई रु.दुई करोड पचास लाख कर्जा प्रदान गर्न स्वीकृतिको लागि संचालक समितिमा पेश गर्ने निर्णय गरेको देखिन्छ। मिति २०७०/०३/२६ गते राम शाह बहुमुखी व्यापार कम्पनी प्रा.लि.को रु.२५०००००।-(दुई करोड पचास लाख) व्यापारिक कर्जा नवीकरणमा शुरुको कर्जा प्रवाहमा सिफारिस गर्नेमा समेत रहेका प्रतिवादी मध्येका विकास श्रेष्ठ, प्रदिप बहादुर कर्माचार्य, मधुवनलाल श्रेष्ठ सहित अर्का प्रतिवादी गोकर्ण कट्टेल समेतले स्वीकृत गरेको देखिन्छ । यसरी उल्लेखित तथ्यले कर्जा स्वीकृत गर्दा कर्जा लगानी निर्देशिका २०६७ मा उल्लेखित प्रकृयाको विपरीत कर्जा प्रवाह भएको र उक्त धितो लिएको जग्गा मिति २०६९/०३/२६ मा खरिद गरेको सो जग्गा मिति २०६९/०३/२७ मा रोक्का राखेको र कर्जा तमसुक मिति २०६९/०३/२९ गते तयार भएको तर कर्जाको स्वीकृति संचालक समितिको वैठक नं.१७५ मिति २०६९/०३/२४ गते नै भएकोले विना धितो कर्जा स्वीकृत भएको देखिएको र सो धितोको मूल्यांकनकर्ताले धितोको अधिक मूल्यांकन गरेको र ऋण रकम धितोले खाम्ने नदेखिएको अवस्थामा कर्जा समितिको तर्फवाट सिफारिस गरेको देखिन्छ भने उल्लेखित दुषित कर्जालाई नवीकरण गरी निरन्तरता दिई यी प्रतिबादीहरु अन्य प्रतिबादीहरु बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, मधुरलाल सिन्या, रितावादे श्रेष्ठ, छविरमण अधिकारी, भरतकाजी श्रेष्ठ र लोकेन्द्रमान कर्माचार्यको मत सल्लाहमा लागि सार्वजनिक संस्थाको सम्पत्तिको बदनियत तथा लापरवाही गरी हिनामिना

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

					तथा हानि नोक्सानी गर्ने कार्यमा संलग्न भएको कुरा पुष्टि भईरहेको अवस्थामा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । च) प्रतिवादीहरु बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, मधुरलाल सिन्या, रिता वादे श्रेष्ठ, छविरमण अधिकारी, भरतकाजी श्रेष्ठ र लोकेन्द्रमान कर्माचार्यले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तव्य पालना गर्दा सार्वजनिक संस्थाको रु. ४३,५९८,५६६.५८।-(चार करोड पैतिस लाख अन्ठानव्वे हजार पाँच सय छैसठ्ठी रुपैया अन्ठाउन्न पैसा) सम्पत्ति बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गरेको कुरा पुष्टि हुन आएको र उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुरुपको कसुर भएको हुँदा निज प्रतिबादीहरुलाई निजहरुले हिनामिना गरेको सार्वजनिक संस्थाको सम्पत्तिको विगो रु. ४३,५९८,५६६.५८।-(चार करोड पैतिस लाख अन्ठानव्वे हजार पाँच सय छैसठ्ठी रुपैया अन्ठाउन्न पैसा) कायम गरी उक्त विगो ऐ.दफा १७ बमोजिम नेपाल क्रेडिट एण्ड कमर्स बैक लि.लाई भराई उक्त दफा १७ मा उल्लेख भएबमोजिम उक्त ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैदसमेत गरी पाउन साथै प्रतिवादी मध्येका कमल प्रजापतिले धितोको मूल्यांकन गरी प्रतिबेदन दिँदा बदनियत पूर्वक भए गरेका कुरा लुकाई छिपाइ नभएको कुरा देखाई गलत प्रतिबेदन दिएको कुरा पुष्टि हुन आएको र निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा निजलाई सोही दफा बमोजिम सजाय हुनु पर्नेमा सो नगरी साथै प्रतिबादी मध्येका राम बहादुर शाह, विकास श्रेष्ठ, गोकर्ण कट्टेल र प्रदिप बहादुर कर्माचार्यले प्रतिबादीहरु बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, मधुरलाल सिन्या, रितावादे श्रेष्ठ, छविरमण अधिकारी, भरतकाजी श्रेष्ठ र लोकेन्द्रमान कर्माचार्यको मत सल्लाहमा लागि सार्वजनिक संस्थाको सम्पत्तिको बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गर्ने कार्यमा संलग्न भएको कुरा पुष्टि हुन आएको र उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार हुने कसुर भएकोले प्रतिबादीहरु विकास श्रेष्ठ, गोकर्ण कट्टेल र प्रदिप बहादुर कर्माचार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम ऐ दफा १७ बमोजिम दावी लिईएका कसुरदारलाई हुने सजायको आधा सजाय तथा राम बहादुर शाहले सार्वजनिक संस्थाबाट ऋण रकम लिई लाभसमेत लिएको देखिँदा

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

					निजलाई ऐ. दफा २२ को प्रतिबन्धात्मक बाक्यामस बमोजिम ऐ. दफा १७ अनुसारको कसुर गर्ने प्रतिबादी सरह नै सजाय हुनुपर्नेमा प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरि भएको विशेष अदालतको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । छ) उक्त ऋण असुलीको विषयमा ऋण असुली न्यायाधिकरणमा र यसै विषयमा वैकिङ्ग कसूर मुद्दा विशेष अदालतमा समेत दायर भएको देखिएको भनि यी प्रतिवादीहरुलाई प्रस्तुत भ्रष्टाचार मुद्दामा सफाई दिने ठहर गरी फैसला भएको देखिन्छ । एकै कसूर (Same offence) को अवधारणालाई केन्द्रविन्दु मानी दोहोरो खतराको अवस्था निक्यौंल गर्नुपर्ने हुन्छ। ICCPRको Article १४ को Sub Article (७) मा प्रयुक्त "for an offence for which he has already been finally committed or acquitted" वाक्यांशले सोही कसूरलाई नै केन्द्रविन्दु मानेको देखिँदा एकै कसूरको अर्थ "सोही कसूर जसमा सो व्यक्तिलाई पहिले नै सजाय वा सफाई" भएको भन्ने सीधा अर्थमा लिनु पर्ने देखिन्छ।भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कसूर मानिने कुनै कार्य अन्य कानून बमोजिम समेत कसूर मानिने रहेछ भने दुवै कानून बमोजिम अलग अलग मुद्दा चलाउन सकिने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को खण्ड (क) ले कानूनी व्यवस्था गरेको देखिन्छ। सरकारी ओहदा, सरकारी सम्पत्ति, तथा सार्वजनिक सेवाको दुरुपयोग गरी व्यक्तिगत लाभमा प्रयोग हुनबाट रोक्ने उद्देश्यले यस ऐनको तर्जुमा भएको देखिन्छ। भ्रष्टाचारको विषय अन्य कसूरको विषयसँग दोहोरिन सक्ने (Overlapping) अवस्था रहेकोले अन्य कानून अन्तर्गत कारवाही भइसकेको भन्ने आधारमा मात्र भ्रष्टाचारको कसूर उपचार शुन्य नहोस भन्ने उद्देश्यले उक्त खण्ड (क) को प्रावधान विधायिकाले राखेको देखिन्छ। भ्रष्टाचार निवारण ऐन अन्तर्गतको विधायिकी उद्देश्य प्राप्तिमा कार्यधिगत अवरोध नहोस अर्थात दोहोरो खतराको सिद्धान्त बाधक नबनोस भन्ने यस प्रावधानको आधारभूत उद्देश्य रहेको देखिन्छ।यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट "एउटै तथ्यबाट एक भन्दा बढी कसूर हुन सक्दछन् । यसरी समग्र तथ्य तथा सम्बद्ध कानूनी व्यवस्था एवम् त्यसले प्रदान गर्ने उपचारको व्यवस्था समेतका आधारमा फरक फरक अवस्थालाई प्रतिनिधित्व गरेबाट भ्रष्टाचार मुद्दा र ठगी मुद्दालाई एउटै विषय मान्न नमिल्ने ।कसैले कानुनद्वारा निषेधित आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग–अलग कानूनले अलग–अलग अपराध मान्दछ

मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

					भने त्यसलाई एउटै कसूर मानेर एउटा मात्र कानुन अन्तर्गत कारवाही गर्नुपर्ने भनी सीमित तुल्याउन नमिल्ने ।" भनि (महेश चापागाई विरुद्ध नेपाल सरकार, ने.का.प. २०६९, अङ्क ८ निर्णय नं. ८८७४) प्रतिपादित सिद्दान्त तथा उक्त कानूनी व्यवस्था विपरित हुने गरी यसै विषयमा अन्य निकायमा मुद्दा चलेको भन्ने आधारमा यी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण हुँदा वदरभागी छ ।